नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

पत्र संख्याः-
चलानी नं.:-

सिंहदरबार, काठमाडौं
नेपाल ।

# प्रेस विज्ञप्ती

श्रम ऐन, २०७४ को दफा २ (ढ) मा "रोजगार सम्झौता" भन्नाले रोजगारीको सेवा, शर्त र सुविधाका सम्बन्धमा रोजगारदाता र श्रमिकबीच भएको सम्झौता सम्झनु पर्छ र सो शब्दले रोजगारदाताले श्रमिकलाई दिएको नियुक्तिपत्र समेतलाई जनाउँछ भन्ने व्यवस्था छ। सोही ऐनको दफा ११ को उपदफा (१) मा रोजगारदाताले रोजगार सम्झौता नगरी कसैलाई काममा लगाउन नहुने, दफा १७ मा प्रशिक्षार्थीलाई काममा लगाउँदा दैनिक आठ घण्टा र साप्ताहिक रुपमा अठ्चालिस घण्टाभन्दा बढी समय काममा लगाउन नहुने, दफा २८ मा प्रतिदिन ८ घण्टा र हप्तामा ४८ घण्टा भन्दा बढी समय काममा लगाउन नपाइने, दफा २९ मा वढी समय काम गर्न बाध्य पार्न नहुने र दफा ३० मा वढी समय काममा लागउन परेमा प्रतिदिन ४ घण्टा र एक हप्तामा २४ घण्टाभन्दा बढी नहुने गरी लगाउन सकिने भन्ने स्पष्ट कानुनी व्यवस्था रहेको छ।

यस मन्त्रालयमा केही अस्पताल तथा स्वास्थ्य संस्थाहरूमा कार्यरत चिकित्सक/स्वास्थ्यकर्मी/ नर्सिङ्ग स्टाफ लगायतका कर्मचारीहरूको साथै अन्य प्रतिष्ठानमा कार्यरत व्यक्तिहरूलाई नियमानुसार श्रम सम्झौता नगरी काममा लगाइएको, प्रचलित कानूनले तोकेको भन्दा बढी समय काममा लगाइएको भन्ने प्रशिक्षार्थीसमेतबाट उजुरी तथा गुनासाहरू प्राप्त भएको विषयमा मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ।

तसर्थ, प्रचलित कानूनको पूर्ण पालना गर्न सम्पूर्ण रोजगारदाता र श्रमिकहरूमा मन्त्रालय हार्दिक अनुरोध गर्दछ। साथै, यस विपरित कार्य गरेको पाइएमा श्रम ऐन, २०७४ बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ।

मितिः२०८३/०१/०४

नेपाल सम्वत ११४६, चौलागा औंशी

सहसचिव/प्रवक्ता